# ७. यौन, बाइबल र संसारसितको सम्बन्ध

## क. संसारसँग सम्बन्ध

क. मुख्य पदहरु

| | |
|---|---|
| २कोरिन्थी ६:१४; ७:१ | तीतस २:९-१४ |
| एफिसी ६:५-९ | रोमी १३:१-७ |
| २थेस्स ३:६-१५ | १तिमोथी ६:१-२ |
| १पत्रस २:१३-२५ | १तिमोथी २:१-६ |
| कलस्सी ३:२२-४:१ | १कोरिन्थी १०:२३-११:१ |

ख. नागरिक, सामाजिक नेताहरु तथा सरकारसँग सम्बन्ध

येशूका चेलाहरुले असल नागरिक भएर अरुहरुको निम्ति अनुकरणीय जिबन जिउनुपर्छ. हामी येशू ख्रीष्टका राजदूतहरु हौं र विशेषगरी अहिलेको वर्तमान संसारका सबै नैतिक अवधारणालाई विचार गर्दै हामीले परमेश्वरको वचन अनुसारको जीवन जिउनुपर्छ. बाइबलका महत्वपूर्ण सिद्धान्त मुताविक चल्नुपर्दछ भन्ने कुराको हामी सबैले हेक्का राख्नुपर्दछ. संसारका सबै स्थानीय तथा राष्ट्रिय सरकारहरु परमेश्वरबाट स्थापना भएका हुन् र हामी जोसुकै भएपनि यसका अधिकारीहरुको अधीनमा बस्नुपर्छ (१ पत्रस २:१३-१७). रोमी १३:१-७ मा पावलले सरकारहरुमा परमेश्वरको भूमिका भएको तथ्यलाई चारचोटी उल्लेख गरेका छन्. जब पावलले यो पत्र लेखे क्रिश्चियनहरु त्यतिबेलाको समाज अन्तर्गत बल (जबर्जस्ती), दुव्यवहार तथा रोमको कर व्यवस्थामा जिइरहेका थिए. यी सबै कुराहरु जानेर उनले यसरी लेखेका थिए -

*"हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधीनमा बसोस. परमेश्वरबाट आएको अधिकार बाहेक अरु कुनै अधिकार हुदैन. जुन प्रशासकहरु छन्; ती परमेश्वरबाटै नियुक्त भएका हुन्. यसकारण प्रशासकहरुका विरुद्धमा खडा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरुको विरोध गर्छ, र जस-जसले विरोध गर्छन् तिनीहरुले दण्डको आज्ञा पाउंछन्."* (रोमी १३:१-२).

पावलले क्रिश्चियनहरुलाई विरोध गर्न वा अगाडिबाट आक्रमण गर्न सिकाएनन्. मण्डलीले संसारको वर्तमान व्यवस्थालाई प्रत्यक्ष भिडन्तद्वारा

बदल्न सक्दैन, अहँ कुनै हालतमा पनि सकिदैन. यस्तो तरीका नयाँ नियमको शिक्षाको बिल्कुल विपरीत हुनजान्छ. येशूले भन्नुभएको थियो - *"धन्य नम्रहरु किनभने तिनीहरुले पृथ्वीको अधिकार पाउनेछन्."* (मत्ती ५:५).

प्रत्यक्ष कार्यवाही गर्न क्रिश्चियनहरुसँग एउटै उपाय छ त्यो हो सुसमाचारको घोषणा गर्नु. क्रिश्चियनहरु पृथ्वीका नून र संसारका निम्ति ज्योति हुन् (मत्ती ५:१३-१६). सुसमाचार मुताविक जिउनु र यसको प्रचार गर्नु पहिलो प्राथमिकतामा पर्न जान्छ र यो तरीकाद्वारा क्रिश्चियनहरुले आखिरमा संसारमा उथल-पुथल मच्चाए. यो सम्भव गराउन आफ्ना विश्वासको निम्ति तिनीहरुले प्राण अर्पण गरे. धेरैलाई पिटियो र भूमिगत कारखानाहरुमा जबर्जस्ती काममा लगाइयो तर अन्तमा क्रिश्चियनहरुको विजय भयो. यसो गर्नको निम्ति तपाईमा साहसको कमी छ भने परमेश्वरसित माग्नुहोस र उहाँले यो तपाईंलाई दिनुहुनेछ (प्रेरित ४:२९-३१).

हाम्रो सुरक्षाको निम्ति देशमा नियम कानून विद्यमान छ. यसलाई हामीले मन नपराऔंला, यससँग सहमत नहोऔंला र यहाँसम्म कि कतिवटा सरकारी निर्णयहरुलाई अस्वीकार पनि गरौंला तर जबसम्म यसले सर्वोच्च अधिकारी परमेश्वरको बचनको हनन गर्दैन त्यसबेलासम्म हामी उनीहरुको निर्णय मान्न बचनबद्ध छौं (तीतस ३:१). परमेश्वरको बचनको विरुद्धमा कुनैपनि तहको जबर्जस्तीमा हामीले समर्पण गर्नुहुन्न (मत्ती २२:२१). त्यस्तै प्रकारले हामी क्रिश्चियनहरुले परमेश्वरको अगाडि हाम्रो विवेक सफा राख्नुपर्छ (प्रेरित २४:१६). हाम्रो विवेकको हामीले बेवास्ता गर्‍यौं भने परमेश्वरको खतराको घण्टीको बेवास्ता गरे जस्तै हुन्छ र यसले विश्वासीको जीवनमा तनाव र कठीनाई उत्पन्न गरिदिन्छ (१तिमोथी १:१९). सबै अधिकारहरु परमेश्वरको हो. माथिल्लो तहको अधिकारीको सहमति बिना कुनैपनि विरोध भएको छ भने कुनैपनि तहका अधिकारीको निर्णयको विरोधमा गरेको विद्रोह परमेश्वरको विरोधमा गरिएको विद्रोह हो.

बालककालदेखि नै अधिकारीहरुमा समर्पणता शुरु हुनथाल्छ. तिनीहरुले आफ्ना बाबु-आमाको अधिकारप्रति देखाएको प्रवृत्ति नै पछि गएर सबै

अधिकारहरुप्रति पनि देखाइने त्यही व्यवहार हुनजान्छ. यदि अधिकारहरुप्रति हामीले हाम्रो जीवनसमर्पणता देखाएमा मात्र हाम्रो जीवनमा परिपक्वता आउनसक्छ. कैयौं मानिसहरुले सोचेजस्तै स्वतन्त्रताको मुख्य बुँदा हरेक किसिमका शासन/अनुशासनबाट छुटकारा पाएर आफ्नो मनखुशी गर्नु हैन तर परमेश्वरले हामीमाथि नियुक्त गर्नुभएको अधिकारीहरुसँग सम्बन्ध गांसेर सही प्रतिक्रिया देखाउनु हो. सबै अधिकारीहरुका निम्ति हामीले अन्तर्विन्ती, प्रार्थना तथा धन्यवाद दिनुपर्छ. यसो गरेमा हामी पवित्र, शान्त र इश्वरीय जीवन जिउन सक्नेछौं. यसले हामी येशूका चेलाहरुका निम्ति सुसमाचार बांड्ने र यसैमा जिउने असल बातावरण तयार पार्छ किनभने परमेश्वर यही भएको चाहनुहुन्छ. (१कोरिन्थी २:१-६).

ग. व्यवसाय र काममा

हामी केही काममा व्यस्त भएको परमेश्वर इच्छा गर्नुहुन्छ. पापले संसारमा प्रवेश गर्नुअघि र परिणाममा मानिसमाथि श्राप पर्नुअघि परमेश्वरले मानिसको जीवनको धेरै महत्वपूर्ण मानिने काम र जिम्मेवारी उसलाई दिनुभएको थियो (उत्पत्ति ३:१९). पृथ्वीमाथि परमेश्वरको श्राप परिसकेपछि मानिसले आफ्नो निधारबाट पसिना चुहाएर काम गर्नुपर्‍यो (उत्पत्ति ३:१९). बाइबलमा अल्छिपनको निन्दा गरिएको छ. एक ठाउँमा जरो गाडेर आफ्नो लागि अन्न उब्जाउन हामी सबैलाई आज्ञा गरिएको छ. वास्तवमा बाइबल भन्छ, "यदि मानिसले काम गर्दैन भने उसले खाना पनि नखाओस" (२ थेस्स ३:६-१५).

१. **कर्मचारीहरु** (दासहरु)

येशूका चेलाहरु

- पैसाका लागि मात्र काम गर्नुहुदैन तर येशू र उहाँको महिमाको लागि काम गर्नुपर्छ (एफिसी ६:७).
- आफ्ना मालिकहरु तथा आफूमाथिका हरेक अधिकारीहरुप्रति आदरपूर्ण र समर्पित हुनुपर्दछ. यसरी परमेश्वरको नाम कलंकित नभएर महिमित हुंदछ (१तिमोथी ६:१-२; एफिसी ६:५-६).

२. **मालिक** (कामदिने व्यक्ति)

येशूको चेलाका रुपमा मालिकहरु आफ्ना कर्मचारीहरु उपरका सबै व्यवहारहरुमा उचित र निष्पक्ष हुनुपर्छ. प्रभुमा होस पुर्‍याएर

कर्मचारीहरुको व्यवस्था मिलाउनुपर्दछ. निष्पक्षतासाथ, दयालु, र कुनै व्यक्तिलाई पनि काखी नच्यापिकन. वास्तवमा मालिकहरु येशू ख्रीष्टको असल कामदार हुन्. तिनीहरुले आफ्ना कर्मचारीहरुप्रति कस्तो व्यवहार गर्छन् उहाँले सो नजीकैबाट हेरिरहनु भएको छ. तिनीहरुबाट धार्मिक उदाहरण तथा प्रशासनको आशा गरिन्छ (कलस्सी ४:१).

**३. पदोन्नति गर्ने परमेश्वरको तरीका**

- साना कुराहरुमाथि विचार गर, "जो थोरै कुरामा इमान्दार हुन्छ, त्यो धेरैमा पनि इमान्दार हुन्छ." (लूका १६:१०).
- पैसा बुद्धिमानीसाथ चलाउनुस, "तिमीहरु संसारिक धनमा इमान्दार भएनौ भने, तिमीहरुलाई साँचो धनको जिम्मा कसले देला ?" (लूका १६:११).
- अरुहरुको धन सम्पत्ति र चाहनाहरुको कदर गर, "यदि तिमीहरु अर्काको धनमा इमान्दार भएनौ भने, तिमीहरुको आफ्नै धन तिमीहरुलाई कसले देला र ?" (लूका १६:१२).
- परमेश्वरको सामू नम्र बन, "यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरु आफैंलाई विनम्र तुल्याओ, र उहाँले उचित समयमा तिमीहरुलाई उच्च पार्नुहुनेछ." (१ पत्रस ५:६).
- सेवक बन (सेवा गर), "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्दछ" (मर्कूस ९:३५).

## घ. बेरोजगार

* येशूको चेला भएको कारणले तिनीहरुले निम्न अनुसार गर्नुपर्छ
* सामाजिक सुरक्षाको लागि सचेत रहनु
* सक्रिय रुपले काम र रोजगारको खोजी गर्नु
* आफ्नो खाँचोहरुको पुर्तिको लागि विश्वासमा परमेश्वरतिर दृष्टि दिनु
* अल्छी नहुनु तर हरेक कुराहरुमा परमेश्वरको सेवा गर्दै उहाँसँग भेट गर्ने समयको खोजी गर्नु (याकूब ४:१५; हितोपदेश ३:५-६).

## ङ. जीवनको सिद्धान्तहरु

* (अरुको निम्ति) उदाहरण हुनुहोस् र जुन प्रकारले जिउनुहुन्छ बोल्न पाउने अधिकारको खोजीमा हुनुहोस्.

*"तिमीहरुको ज्योति मानिसहरुका सामू चम्कोस, र तिनीहरुले तिमीहरुका सुकर्म देखुन्, र स्वर्गमा हुनुहुने तिमीहरुका पिताको महिमा गरुन्."* (मत्ती ५:१६).

* सधैं आनन्दित हुनुहोस्, वाद-विवाद, गन-गन तथा सिकायतहरुमा नअल्मलिनुस (फिलिप्पी २:१४).

* जेसुकै गर्नुपरे पनि बिश्वाससाथ गर्नुहोस् किनभने विश्वासमा शुरु नगरिएका कामहरु पाप हुन्(रोमी १४:२३).

* कुनै पनि कामहरु परमेश्वरको महिमाको लागि गर्नुहोस् (१कोरिन्थी १०:३१).

* येशूको वचन याद गर्नुहोस् -
  *"कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस, र दिनहुं आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्"* (लूका ९:२३).

## ख. बाइबल र यौन

### क. मुख्य पदहरु

१कोरिन्थी ७:१-४०
हिब्रु १३:४
उत्पत्ति २:२४-२५
१थेस्स ४:३-८
१कोरिन्थी ६:९-२०

### ख. परिचय

संसारका मानिसहरुभन्दा येशूका चेलाहरुको यौनप्रतिको भिन्दै दृष्टिकोण हुनुपर्छ. भावनात्मक रुपमा ठीक लागेकाले नभएर यसबारेमा परमेश्वर के भन्नुहुन्छ क्रिश्चियनहरुको दृष्टिकोण त्यसबाट निर्धारित हुनुपर्दछ. परमेश्वर यौनको बिरोधमा हुनुहुन्न. बास्तवमा यसबारेमा विचार पुर्‍याएर नै उहाँले यौनको सृष्टि गर्नुभयो (उत्पत्ति १:२७). हामी आफूहरु आनन्द मनाएको परमेश्वर चाहनुहुन्छ तर सुरक्षात्मक घेराभित्र रहेर मात्र. यौन आनन्दका लागि मात्र नभएर मानवजातिलाई अगाडि बढाउनको निम्ति पनि हो. प्रेमिलो र रेखदेखपूर्ण अवस्थामा हाम्रा नानीहरु जन्मेको परमेश्वर चाहनुहुन्छ. त्यसैकारण यौनक्रियाको निम्ति उहाँले कडा नियमहरु बनाउनु

भएको छ.  यौनलाई केवल आनन्दका निम्ति उपयोग गर्नबाट मानिसलाई रोक्न यी नियमहरु बनाइएको हो.  प्रेम तथा स्नेहमय परिवार हुनको लागि आवश्यक विवाह पद्धतीप्रति प्रतिबद्धतारहितको यौनलाई प्रोत्साहन नदिनु हो.

परमेश्वरको नियम मिचेमा धेरै मानिसहरु दु:ख र निराशामा पर्न जान्छन्. यसले नियम उल्लंघन गर्नेहरुलाई मात्र प्रभाव पार्दैन तर परिवार छिन्न भिन्न भएर अलपत्रमा परेका बाल बालिकाहरु जो नाबालक भएकाले यस्ता कुराहरु बुझ्न असमर्थ हुन्छन्, ती निर्दोषहरु पनि यसको शिकार हुनपुग्छन्.

उहाँले यौनका सम्बन्धमा बाइबलमा भनेका कुराहरु मान्न होशियारी गरेर हामीले परमेश्वरलाई मात्रै खुशी पार्ने होइन तर यो अमूल्य वरदानको पूर्ण आनन्द पनि लिनसक्छौं किनभने हामी सृष्टिकर्ताको निर्देशन पुस्तिका अनुसार हिंडेका छौं.

## ग. यौन चोखो र असल छ

वैवाहिक परिधिभित्र यौन सुन्दर र आदरणीय भएको कुरा बाइबलले देखाएको छ.

*"सबैका बीचमा विवाहचाहिँ आदरणीय होस, वैवाहिक सम्बन्ध नबिटुलियोस, किनकि दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ."* (हिब्रू १३:४).

यौन विवाहको लागि मात्रै हो.

## घ. बाइबल र व्यभिचार (मर्कूस ७:२०-२३)

व्यभिचार त्यसलाई भनिन्छ जब एउटा विवाहित व्यक्तिले अर्को अबिबाहित स्त्री या पुरुषसित यौन सम्बन्ध राख्छ.  यसले परमेश्वर र मानिस बीचमा गरिएको गम्भीर वैवाहिक प्रतिज्ञालाई तोड्छ.  विवाहलाई यसले कतिको खतरा पुर्‍याउंछ सो परमेश्वरलाई थाहा भएकोले यस्तो काम नगर्न दश आज्ञाद्वारा उहाँले निषेध गर्नुभएको छ (प्रस्थान २०:१४). मोशाको व्यवस्था अनुसार यो आज्ञाको उल्लंघन गर्नेहरुलाई ढुङ्गाले हानेर दण्ड दिइन्थ्यो (यूहन्ना ८:४-५).

ङ. विवाहभन्दा बाहिर विवाह र यौन (प्रेरित १५:२०)

बाइबलले यसलाई यौन अनैतिकता वा "व्यभिचार" को नाम दिएको छ. यो जोसुकैसित सहवास गर्नु वा अविवाहित मानिसहरुसित विना सोच विचार यौन सम्पर्क (व्यभिचार) राख्नु हो. अविबाहित मानिसहरु बीचमा प्रेम वा एक अर्काप्रति बास्ता भए तापनि यस प्रकारको यौन सम्बन्ध परमेश्वरको विचार अनुसारको होइन. साधारणतया परमेश्वरले यसलाई स्वीकार गर्ने र यसलाई नमान्नेहरु पुराना बिचारका वा अनौठो ठानिए तापनि क्रिश्चियनहरुलाई परमेश्वरले संसारको रीतिलाई नपछ्याउन र अलग्गै हुन भन्नुभएको छ. यसरी आफ्नो अडानमा कायम रहनका निम्ति परमेश्वरले तपाईलाई आफ्नो अनुग्रह प्रदान गर्नुहुनेछ.

*"संसारले तिमीलाई आफ्नै ढांचामा बदल्न नसकोस."* (रोमी १२:२)

विवाह अगाडि यौनमा संलग्न भएकाहरुको मन मश्तिष्कमा (विवेकमा) चोट पुग्ने गरेको कुरा मनोवैज्ञानिकहरु, सल्लाहकारहरु र डाक्टरहरुले हामीलाई भनेका छन्. वैवाहिक जीवनभन्दा बाहिर यौन सम्पर्क निषेध गर्नुको पछाडिको वास्तविक तथ्य उहाँलाई थाहा थियो. हाम्रो लागि यही उत्तम हो भनेर हामी निश्चिन्त हुनसक्छौं. हामी क्रिश्चियनहरुलाई परमेश्वरले अह्राउनुभएको नीति निर्देशनभित्र रहेर काम गरेमा कुनै अर्को तरीकाबाट जिउने जीवनभन्दा यसले हाम्रो जीवनमा दुरगामी फल फलाउन सक्छ. सबै कुराहरुलाई प्रेमले जित्छ. प्रेमले गर्दा मैले आफ्नो जीवन तपाईंको निम्ति अर्पण गर्नसक्छु र यो एउटा आनन्दको स्रोत हो. विवाह मन, शरीर र आत्माको एकात्मकताको लागि हो तर शारीरिक चाहना बलियो भएको कारणले गर्दा यौन आवश्यकताभन्दा बढी परिमाणमा देखिने गर्छ. व्यवहारिक, शारीरिक र बौद्धिक सम्पूर्ण सम्बन्धको यौन एक अंश हो. शारीरिक यौन सम्बन्धलाई अरु सम्बन्धहरुबाट एक्ल्याउनु स्त्री र पुरुषका बारेमा परमेश्वरको हृदयको "सम्पूर्णता" माथि ध्यान पुऱ्याउन नसक्नु हो.

च. बाइबल र प्रेमको स्वांग (ढोंग) रचाउनु

यसको अर्थ, "प्रणय रचाएको जस्तो गर्नु" अथवा विवाह गर्ने गम्भीर मनसाय नराखिकन केवल रमाइलोको लागि प्रेमको स्वांग गर्नु हो. प्रेम खेलवाड या ठट्टाको विषय होइन किनभने दुईमध्ये एउटाले यसलाई

गम्भीरतापूर्वक लिएको हुनसक्छ र त्यसले गर्दा ठूलो चोट लाग्न सक्छ. छोराछोरीहरुलाई एक अर्कासित मित्रता गर्न दिनुपर्छ किनभने यो शिक्षा प्राप्त गर्ने एक प्रक्रिया हो. एकले अर्कालाई स्वीकार गर्ने र सम्पर्क स्थापित गर्न तिनीहरुले सिक्नुपर्छ. तिनीहरुले विपरीत लिङ्गीहरु (स्त्रीले पुरुष र पुरुषले स्त्री) सित भेटघाट गर्ने मौका पाउनुपर्दछ किनभने अहिलेको समाजमा आफ्नो जीवनसाथीको बारेमा जान्न पाउने मौका नै यही हो. यी सबै कुराहरुमा ख्रीष्टको प्रेम नै सर्वोपरी हुनुपर्छ.

जबसम्म यही व्यक्तिसित म विवाह गर्छु भनेर निश्चित गरिदैन तबसम्म एकल स्त्री तथा पुरुषले अर्को एकल व्यक्तिसँगमात्र आफ्नो मित्रतामा आफूलाई सीमित गर्नु हुदैन. अर्को व्यक्तिलाई सल्लाह दिंदाखेरि पनि होशियार हुनुपर्छ विशेषगरी एकान्त अवस्थामा किनभने यसले एक अर्कामा अनावश्यक मोह (आकर्षण) उत्पन्न गरिदिन्छ. युवतीहरुलाई चोखो मनदेखि दिदी बहिनीका रुपमा व्यवहार गर्न पावलले सल्लाह दिन्छन् र यो एउटा असल सल्लाह हो (१ तिमोथी ५:२).

### छ. बाइबल र प्रणय

विवाह एउटा (हलोको) जुवा हो किनभने यसले दुई व्यक्तिहरुलाई सँगै हिंडन प्रोत्साहन गर्छ. अक्रिश्चियनहरुसँग जुवामा ननारिनका निम्ति बाइबलले शिक्षा दिएको छ (२कोरिन्थी ६:१४). हामीले अक्रिश्चियनहरुसँग विवाह गरेको परमेश्वर चाहनुहुन्न किनभने यसले चाहनाहरु र वफादारीमा संघर्ष उत्पन्न गराउँछ. यदि तपाईंको विवाह भैसकेको छ भने तपाईको अक्रिश्चियन श्रीमान वा श्रीमतीको निम्ति तपाईंलाई परमेश्वरले आशिषको कारण बनाउन सक्नुहुन्छ (१कोरिन्थी ७:१४). प्रणयले विवाहको निम्ति सम्बन्धको विकास गरिदिन्छ. मायाको पनि आफ्नै स्थान छ तर विवाह अगाडि यौन सम्पर्कको कुनै औचित्यता अहिले पनि छैन र हुदैन. परमेश्वरलाई खुशी पार्न चाहने जोडीले एक अर्काको शरीरको उत्तेजक अङ्गहरुमा छुनु हुदैन किनभने यो कार्यले यौन सहवास हुने सम्भावना बढ्छ. परीक्षामा पर्नको निम्ति यो बलियो प्रोत्साहन हो. एउटा पहाडको सांगुरो बाटोमा तपाईं एकसय किलोमिटर प्रतिघण्टाको बेगमा (रफ्तारमा) गाडी हांक्न सक्नुहुन्छ अनि फेरि त्यही बाटो ३० कि.मि.प्र.घ. को हिसावले हांकेर पनि यात्रा पूरा गर्नसक्नुहुन्छ. तीव्र गतीमा जांदा यात्रा उत्तेजनात्मक त होला तर गाडी दुर्घटनाग्रस्त पनि हुनसक्छ. प्रेमले परीक्षा

गर्नसक्छ तर लालसा (कामवासना) प्रतीक्षा गर्न सक्दैन. चोखो कन्याका रुपमा विवाहको दिनमा दुलहीले आफूलाई दुलहालाई सुम्पने कार्य परमेश्वरको चाहना हो (२कोरिन्थी ११:२). यदि तपाईंको सम्बन्ध परमेश्वरसित ठीक छ भने आफू नपुंशक छु कि छैन भनेर पहिल्यै परीक्षण गरीरहनुपर्ने जरुरत छैन. परमेश्वर यी सबै कुराहरुलाई हेर्नुहुन्छ. याद राख्नुहोस्, सबै सम्बन्धहरुमा प्रेम नै सर्वोपरी हुन्छ.

ज. बाइबल र आत्म-नियन्त्रण

"यौन इच्छा आगोको भुंग्रो जस्तै हो (हितोपदेश ६:२७-२९). यदि घरभित्र अगेनामा सुरक्षापूर्वक दाउरा बलिरहेको छ भने न्यानोपन अनुभव हुनसक्छ तर विश्रामकक्षको भुईंमा जतातत्तै आगो बलिरहेको छ भने त्यसले घर डढाउन सक्छ. आत्म-नियन्त्रणले आगोलाई अगेनामै सुरक्षित राख्छ अर्थात यौन सही समय, सही ठाउँमा र सही व्यक्तिको निम्ति हुन्छ." (आर्थर वालिस)

आत्म-नियन्त्रित र पवित्र हुन परमेश्वरले आज्ञा गर्नुभएको छ. (१पत्रस १:१३-१५).

आत्म-नियन्त्रणको स्थान हस्त-मैथुनले लिएको छ. हस्त-मैथुन गर्नुको मतलब आफ्नो इन्द्रियहरुलाई परमेश्वरले विवाहको निम्ति छुट्टयाउनु भएको यौन उत्तेजनाको पराकाष्ठामा पुर्‍याउने प्रयास हो. व्यभिचार वा यौन अनैतिकता जस्तै हस्त-मैथुनलाई लिन मिल्दैन तथापि यसमा अपवित्र विचारहरु र यौन कल्पना समावेश हुने भएकोले यो कार्य पाप हो (मत्ती ५:२७-२८). यसले तपाईंलाई नियन्त्रण गर्ने भएकोले तपाईंले आत्म-नियन्त्रण हराउनु हुने हुंदा पनि यसलाई पाप मान्नुपर्छ (१कोरिन्थी ६:१२; तीतस २:११-१२). तपाईंले हस्त-मैथुन गर्न पर्दैन. परमेश्वरको आदर्श अनुसार आत्म-नियन्त्रण सम्भव छ. उहाँको आदर्श अनुसार हिंडने निर्णय गरिसकेपछि असफल हुने डरले प्रयास नै नगर्ने भन्ने कुरा उचित होइन. याद राख्नुहोस् हस्त मैथुन पाप होइन. तपाईंले यस्तो गर्नुभएको कारण परमेश्वरले तपाईंलाई त्याग्नुभएको छैन. उहाँले तपाईंको वास्ता गर्नुहुन्छ र तपाईंलाई प्रेम गर्नुहुन्छ तर उक्त बानीले तपाईंलाई नियन्त्रण नगरोस् (मीका ७:८; १थेस्स ४:३-४). यौन परीक्षाको युद्ध वास्तवमा मनभित्रको युद्ध हो. त्यहाँ जित्नुभयो भने तपाईंले युद्धमा विजय हासिल गर्नुभयो

(२कोरिन्थी १०:३-५). चारित्रिक कमजोर पक्षहरुलाई भत्काउनुपर्छ. यसो गर्नको निमित्त आवश्यक सबै स्रोत र साधनहरु परमेश्वरले हामीलाई दिनुभएको छ (रोमी १२:२; एफिसी ४:२२-२४).

झ. बाइबल तथा समलिङ्गी

पुरुषले पुरुषसित र स्त्रीले स्त्रीसित यौन सम्बन्ध कायम राख्नुलाई homosexuality भनिन्छ. यस्ता किसिमका सबै अप्राकृतिक यौनलाई परमेश्वर घृणा गर्नुहुन्छ (लेवी १८:२२-२३). स्त्री र पुरुषलाई परमेश्वरले एक अर्काको निम्ति सृष्टि गर्नुभएको हो तर स्त्रीले स्त्रीसँग र पुरुषले पुरुषसँग यौन सम्बन्ध राख्नको लागि होइन (रोमी १:२६-२७, १कोरिन्थी ६:९-१०). अप्राकृतिक यौन सम्बन्धलाई अरु क्रिश्चियनहरुले जस्तै हामीले पनि घृणा गर्नुपर्छ तर यस्तो कार्य गर्नेहरुमाथि कृपा देखाउन भने हामीले बिर्सनुहुँदैन. कुनैपनि व्यक्ति धोइन सक्छन्, चोख्याइन र येशू ख्रीष्टको नाउँमा परमेश्वरको आत्माद्वारा दोषरहित पारिन सक्छन् (१कोरिन्थी ६:११). हामी क्रिश्चियनहरु ख्रीष्टसँगै क्रूसमा टाँगिएका छौं र अब हामी होइन हामीमा ख्रीष्ट जिउनुहुन्छ (गलाती २:२०).

ञ. विवाहमा बाइबल र यौन

यो पक्षमा बाइबल एकदम प्रष्ट छ -

*"यही कारणको लागि पुरुषले आफनो श्रीमतीसित एक हुनको निम्ति आफ्ना आमा-बाबुलाई छोड्दछ."* (उत्पत्ति २:२४).

*"पतिले आफ्नी पत्नीलाई उसको बैवाहिक हक देओस, र यसरी नै पत्नीले पनि आफ्ना पतिलाई. पत्नीले आफ्नो शरीरमाथि अधिकार राख्दिन, तर उसको पतिले राख्छ. यसरी नै पतिले पनि आफ्नो शरीरमाथि अधिकार राख्दैन, तर उसकी पत्नीले राख्छे. पति पत्नीले आफ्नो पारस्परिक संसर्गदेखि एक-अर्कालाई इन्कार नगर. इन्कार गर्‍यौ भने पनि आपसमा सल्लाह गरेर केही समयको निम्ति मात्र, ताकि तिमीहरु प्रार्थनामा लागिरहन सक. तब फेरि एकसाथ बस, ताकि तिमीहरु आत्मसंयमको अभावको कारणले शैतानले तिमीहरुलाई परीक्षामा नपारोस."* (१कोरिन्थी ७:३-५).

विवाहको केन्द्रविन्दुमा प्रेम हुनुपर्छ. प्रेमले सधैं अर्कोको हित गर्दछ. वैवाहिक सम्बन्धका प्रत्येक कार्यमा प्रेम कारकतत्व हुनुपर्छ.

## ट. प्रश्नहरु र छलफलका बुँदाहरु

१. दुई तहको अधिकारहरु बीचमा देखिने झगडाका उदाहरणहरुमाथि विचार गर्नुहोस् -

क. पत्रस र यूहन्ना (प्रेरित ४:१८-२०). पत्रस र यूहन्नाले एउटा व्यक्तिको निम्ति प्रार्थना गरेका थिए र उसले चंगाई पाएको तिनीहरुले देखेका थिए. तिनीहरु अधिकारीहरुद्वारा समातिए र फेरि कहिल्यै येशूका नाउंमा नबोल्ने चेतावनी पाए. यो बाझाबाझ कुन तहको अधिकारहरु बीचमा भइरहेको थियो ? यसमा तिनीहरुको प्रतिक्रिया कस्तो थियो ?

ख. आगोको भट्टीमा ३ हिब्रू मानिसहरु (दानियल ३ अध्याय). राजाले स्थापना गरेको मूर्तीलाई दण्डवत गर्न अस्वीकार गरेर तिनीहरुले मुलुकको कानून तोडेका थिए. तिनीहरुको प्रतिक्रिया कस्तो थियो ? यहाँपनि कुन तहमा झगडा रहेको पाइन्छ ?

२. हाम्रा प्रवृत्तिहरु, आज्ञाकारिता र प्रतिक्रियाहरु जाँच्नको निम्ति के परमेश्वरले आफ्ना अधिकारहरु अर्को व्यक्ति मार्फत चलाउनुहुन्छ ?

३. अर्को अधिकारीले हामीलाई जे सुकै भने तापनि परमेश्वरको वचन र हाम्रो बिवेक समर्पित हुनुपर्ने कुराको उदाहरणहरुका बारेमा छलफल गर्नुहोस्.

४. आफ्नो परिवारको वास्ता नगर्ने मानिसका बारेमा बाइबल के भन्छ ? (१तिमोथी ५:८)

५. कलस्सी ३:२२-२५ पढेर निम्न कुराहरुको उत्तर दिनुहोस. कर्मचारीका नाताले हामीले आफ्ना मालिकहरुको सेवा गर्नुपर्छ कि पर्दैन ?

- केही कुरामा मात्र कि सबै कुरामा आज्ञा पालन गर्नुपर्छ होला ?
- हामीलाई अह्राएका कामहरु मात्र गरेर.
- मालिकलाई प्रभाव पार्नको निम्ति काम गर्ने.
- हामीबाट आशा गरिएभन्दा बढी काम गर्ने ?
- मन लागी नलागी काम गर्ने किनभने हामीलाई पर्याप्त तलब दिइएको छैन.

हामी येशूका चेलाहरुले वास्तवमा कसको सेवा गरिरहेका छौं ? कसले तपाईंलाई उचित पारिश्रमिक दिन्छ होला ?

६. एफिसी ६:९ पढेर तलका प्रश्नहरुको जवाफ दिनुहोस् -

- आफ्ना कर्मचारीहरुलाई धम्क्याउनु उचित होला ?
- के परमेश्वरले कर्मचारीको भन्दा कामदिने मालिकको पक्ष लिनुहुन्छ होला ?

७. आफ्ना कर्मचारीहरुसित राम्रो व्यवहार गर्ने मालिकहरुका बारेमा परमेश्वरको दृष्टिकोण कस्तो छ ? (२शमूएल २३:३-४).

८. माथिल्लो पदमा बस्नेहरुका निम्ति येशू ख्रीष्टको उदाहरण कस्तो छ ? (फिलिप्पी २:५-७).

९. जुन ठाउँमा काम गर्न परमेश्वरले हामीलाई तोक्नुभएको छ त्यो ठाउँ उहाँको राज्यमा परमेश्वरको उद्देश्य पूर्ति गर्न हाम्रो विकास, जाँच, अनि समृद्धिको निम्ति हामीलाई तयार पार्नको लागि हो कि ?

१०. "काम र व्यवसाय" भन्ने शिर्षकमा वर्णित शैक्षिक इकाईको सैद्धान्तिक विवरणहरुलाई शिक्षक र विद्यार्थीका सम्बन्धहरुमा लागु गर्न सकिन्छ कि ?

११. आफूले गर्दै नगरेका कामका निम्ति कष्ट भोग्नुपर्‍यो भने तपाईंले यसलाई कसरी लिनुहुन्छ ?

१२. हाम्रो यौन जीवनका सम्बन्धमा बाइबलले भने अनुसार आत्म-नियन्त्रित जीवन जिउन के परमेश्वरले हामीलाई अनुग्रह प्रदान गर्नुहुन्छ होला ?

१३. धेरै मानिसहरुका लागि विवाहभन्दा बाहिरको यौन सम्पर्क किन खतराजनक हुन्छ ?

१४. हामी येशूको चेला भएकोले प्रणय तथा प्रेमको नक्कल गर्नुप्रति हाम्रो कस्तो दृष्टिकोण हुनुपर्छ ?

१५. तपाईं कस्तो किसिमको पुस्तक र पत्र पत्रिकाहरु पढ्नुहुन्छ ? कस्तो किसिमको भिडियो र टि.भि. कार्यक्रमहरु हेर्नुहुन्छ ? अनि कुनै रेडियो कार्यक्रमहरु सुन्ने गर्नुहुन्छ कि ? तपाईं जे गर्नुहुन्छ ती सबै परमेश्वरको महिमाको लागि गर्नुपर्छ. तपाईंको परिस्थितिमा येशू हुनुभएको भए उहाँ के गर्नुहुन्थ्यो होला ? ती सबै जसबाट पापगर्ने सम्भावना हुन्थ्यो अलग्गिनुहुन्थ्यो कि अथवा जेसुकै होस भन्नुहुन्थ्यो ? परमेश्वरको महिमा नहुने कुनैपनि काम तपाईंले गर्नुभएको भए र अझपनि त्यसैमा लागिरहनुभएको छ भने यसको लागि उहाँसित क्षमा माग्नुहोस्

ठ. सारांश र प्रयोग

१. "हामीले तिमीहरुलाई आज्ञा दिए झैं, तिमीहरु शान्त रहने, आफ्नै धन्धाको फिक्री गर्ने र आफ्नै हातले काम गर्ने प्रयत्न गर, ताकि बाहिरकाहरुद्वारा आदर पाउन सक, र कसैको भरमा नपर." (१थेस्स ४:११-१२).
२. परमेश्वरले हामीलाई असल नागरिक भएर जिउन तथा उहाँले स्थापना गर्नुभएको सरकारी अधिकारीहरुमा समर्पित हुन भन्नुभएको छ.
३. अल्छीपनलाई उहाँले मन नपराउनु हुने भएकोले परमेश्वरले हामीलाई काम गर्न आज्ञा दिनुभएको छ.
४. कामदारहरुले आफ्नो कामद्वारा आफ्ना मालिकहरुमा समर्पित, आदरणीय र आज्ञाकारी भएर परमेश्वरको सेवा गर्नुपर्दछ.
५. मालिकहरु पनि आफ्ना कर्मचारीहरुप्रति न्यायपूर्ण, दयावान र निष्पक्ष हुनुपर्दछ. तिनीहरुले येशू ख्रीष्टको उदाहरणलाई पछ्याउनु पर्दछ र आफ्ना कर्मचारीहरुप्रति (अनावश्यक) अधिकार देखाउनु हुँदैन तर तिनीहरुप्रति सेवकको हृदय राख्नुपर्दछ.
६. परमेश्वरले स्त्री र पुरुषहरुको सृष्टि यौनबाट आनन्द लिनको निम्ति गर्नुभयो.
७. यदि यौन वैवाहिक जीवनभित्र चलाउने हो भने परमेश्वर यसको विरोधमा हुनुहुन्न.
८. "शुद्धहरुलाई सबै थोक शुद्धै हुन्छन्" (तीतस १:१५).
९. आफ्नो यौन जीवनको सम्बन्धमा येशूका चेलाहरु आत्म-नियन्त्रित रहेको परमेश्वर इच्छा गर्नुहुन्छ.
१०. येशूका चेलाहरु स्त्री तथा पुरुषहरुले एक अर्काप्रति निष्खोट व्यवहार गर्नुपर्छ. परमेश्वरको बदनामी हुने त्यस्ता कुनै कार्यहरु गर्नु हुँदैन.
११. परमेश्वर अप्राकृतिक यौन सम्बन्धलाई घृणा गर्नुहुन्छ.
१२. वैवाहिक सम्बन्धभित्रको यौन क्रियाकलापमा पनि प्रेम नै यसको प्रेरणात्मक तत्व हुनुपर्छ. एक अर्काप्रतिको समर्पण यसको केन्द्रविन्दु हुनुपर्छ.